**आ.व. २०७२/७३ को वजेट माथि स्वतन्त्र उर्जा उत्पादकहरुको संस्था, नेपाल (IPPAN) को धारणा**

आर्थिक वर्ष २०७२/७३ को पूर्ण वजेट समयमा नै सार्वजनिक भएको छ । सरकारको यस सकारात्मक पहल प्रति सम्पूर्ण नेपाली संग संगै यस स्वतन्त्र उर्जा उत्पादकहरुको संस्था, नेपाल (IPPAN) पनि एकेबध्दता अभिव्यक्त गर्दछ ।

२०७२ बैशाख १२ एवं २९ गते गएको विनासकारी भुकम्प पछि आएको बाढी पहिरो तथा भुकम्पले गर्दा विद्युत उत्पादन गरिरहेका, निर्माणाधीन चरणमा रहेका, उत्पादन अनमतिपत्र प्राप्त गरी वित्तिय व्यवस्थापन चरणमा रहेका र सम्भाव्यता अध्ययनको चरणमा रहेका जलविद्युत आयोजनाहरु प्रत्यक्ष रुपमा गम्भिर असर परेका छन् । भुकम्प तथा त्यस पछि देशका विभिन्न ठाउँमा आएका बाढी पहिरो बाट करिव १९ वटा निजी क्षेत्रबाट संचालित जलविद्युत आयोजनाहरु प्रत्यक्ष रुपमा प्रभावित हुन पुगेका छन् । जसको फलस्वरुप १४ वटा आयोजना वन्द भई हाल सम्म कूल ८० मेगावाट विजुली राष्ट्रिय प्रशारण लाइनमा जोडिनबाट वञ्चित हुन पुगेका छन् । जुन कुरा राष्ट्रिय योजना आयोगले तयार पारेको विपद् पछिको आवश्यकता पहिचान अध्ययन (Post Disaster Need Assessment - PDNA) मा समेत उल्लेख छ । त्यहि अध्ययनलाई आत्मसात गर्दै सरकारले विपद् पछिको पुनःनिर्माण कार्य गर्नको लागि नेपालको पुनःनिर्माणका लागि अन्तराष्ट्रिय सम्मेलन समेत सम्पन्न गरेको छ । साथै सम्मेलनबाट ठूलो मात्रामा सहयोग राशी घोषणा भएको छ । यसरी सरकार आफ्नैले विश्वसनीय र अन्तराष्ट्रिय मान्यता प्राप्त प्रतिवेदन PDNA हो भनिरहदा पनि भुकम्प एवं बाढीका कारणले क्षतिग्रस्त भएका जलविद्युत आयोजनाको लागि यस वर्षको वजेटमा कुनै नीतिगत व्यवस्था, सहयोग एवं राहतको व्यवस्था मा वजेट मौन रहनु लाई यस स्वतन्त्र उर्जा उत्पादकहरुको संस्था घोर असहमति व्यक्त गर्दछ ।

आयोजना समयमा सम्पन्न गर्नका लागि आर्थिक वर्ष २०७९/८० सम्म विद्युत उत्पादन गरी राष्ट्रिय प्रसारण लाइनमा जोड्ने जलविद्युत आयोजनालाई दिइने ५० लाख प्रति मेगावाट अनुदान २०६७ चैत्र देखिनै निर्माण सम्पन्न भएका आयोजनाहरुलाई दिनुपर्ने माग यस संस्थाले उठाउदै आएकोमा सो सम्वन्धमा वजेट मौन रहेको छ । अघिल्लो वर्ष सो अनुदानको व्यवस्था वजेटमा यथाावत भएता पनि हाल सम्म पनि जलविद्युत प्रवर्धकहरुले सो अनुदान प्राप्त नगरेको अवस्था छ । तसर्थ सरकारले पहिले गरेका प्रतिवद्धतालाई मात्र सिमित नराखेर त्यसलाई कार्यान्वयन गर्नको लागि यस संस्था विशेष आग्रह गर्दछ ।

सरकारले 'वोटल नेक' को रुपमा रहेको प्रसारण प्रणाली विस्तारमा यसै वर्ष स्थापना भएको राष्ट्रिय प्रसारण ग्रीड कम्पनीबाट निजी क्षेत्रलाई समेत सहभागी गराई निर्माण र हस्तान्तरण (Build and Transfer) विधिमा प्रसारण लाइनहरुको निर्माण गरीने तथा राष्ट्रिय प्रसारण प्रणालीका केही प्रसारण लाइनहरु तत्काल राष्ट्रिय प्रसारण ग्रीड कम्पनीमा हस्तान्तरण गरिने प्रतिवद्धता स्वागत योग्य छ ।

नेपालमा उत्पादित विजुली र विशेषगरी नेपालमा माग र आपूर्तीको ठूलो Seasonal Variability लाई सन्तुलित राख्न हालै सम्पन्न भएको विद्युत व्यापार सम्झौता भए पछि चाहिने राष्ट्रिय तथा अन्तराष्ट्रिय विद्युत व्यापारको लागि आवश्यक विद्युत व्यापार कम्पनी स्थापना गरिने प्रतिवद्धता वजेटको अर्को स्वागत योग्य पाटाको रुपमा रहेको यस संस्थाको मान्यता छ ।जलविद्युतमा लगानी वृद्धि गर्न जलविद्युत लगानी तथा विकास कम्पनीलाई पुनःसंरचना गरिने स्वागत योग्य कदम हुन् ।

उर्जा क्षेत्रको विकासका लागि उत्पादन, प्रसारण र वितरणमा रु ४५ अर्व ७२ करोड लगानी परिचालन गरेको तर निजी क्षेत्र प्रति वजेट शव्दमा मात्र सिमित रहनु आफैमा उदेक लाग्दो कुरा हो । वजेट प्रतिवद्धतामा मात्र सिमित नभई यसको कार्यान्वयन पक्षमा जोड दिनु पर्दछ भन्ने मान्यता राख्दछ । अघिल्लो वजेटमा नै प्रतिवद्धता व्यक्त भएका तर कार्यान्वयन नभएका धेरै कुरालाई कार्यान्वयन गर्नको लागि यस संस्था हार्दिक अनुरोध गर्दछ । अघिल्लो वर्षमा नै व्यक्त भएका प्रतिवद्धता, ऐन एवं कानूनहरुको सुधार हुन अति जरुरी छ । पूर्वाधार विकास, जलविद्युत क्षेत्रमा उल्लेखित कार्यक्रमहरको कार्यान्वयनको पाटो सवल हुनुपर्ने आवश्यकता छ । साथै यसका लागि निजी क्षेत्रलाई साथ लिएर अगाडी बढ्नु नितान्त आवश्यक छ र अन्त्यमा सरकारद्वारा प्रस्तुत भावी कार्यक्रमको प्रभावकारी कार्यान्वयन र उर्जा क्षेत्रमा निजी उर्जा उत्पादक लगानीकर्ताहरुलाई प्रोत्साहन दिई भविष्यमा अहिले विद्यमान रहेको उर्जा क्षेत्रका समस्याहरुलाई सम्वोधन गरी सकारात्मक दिशातर्फ उत्प्रेरित हुन यस स्वतन्त्र उर्जा उत्पादकहरुको संस्था, नेपाल (IPPAN) हार्दिक अपिल गर्दछ ।